# जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) (पहिलो संशोधन) ऐन, २०७५

<u>प्रमाणीकरण मिति</u>

२०७५।६।२

<u>संवत् २०७५ सालको ऐन नम्बर १८</u>

<u>जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ लाई संशोधन गर्न बनेको ऐन</u>

**<u>प्रस्तावनाः</u>** जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) (पहिलो संशोधन) ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२.** **<u>जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ को प्रस्तावनामा संशोधनः</u>** जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ (यस पछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेका "जात, जाति, वंश, समुदाय वा पेशा" भन्ने शब्दहरूको सट्टा "उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्था" भन्ने शब्दहरू राखिएका छन्।

**३.** **<u>मूल ऐनमा दफा २क. थपः</u>** मूल ऐनको दफा २ पछि देहायको दफा २क. थपिएको छः-

"**२क.** **<u>छुवाछूत तथा भेदभाव विरुद्धको अधिकारः</u>** (१) प्रत्येक व्यक्तिलाई छुवाछूत तथा भेदभाव विरुद्धको अधिकार हुनेछ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपदफा (१) बमोजिम प्रत्येक व्यक्तिलाई देहायको अधिकार प्राप्त हुनेछः-

(क) अदालत वा अन्य न्यायिक निकायबाट समान व्यवहार पाउने अधिकार,

(ख) कुनै सरकारी निकायबाट उपलब्ध गराइने सेवा तथा सुविधामा समान संरक्षणको अधिकार,

(ग) सार्वजनिक सेवामा समान पहुँचको अधिकार,

(घ) नेपालभित्र र बाहिर आवत जावत र बसोवास गर्न पाउने अधिकार,

(ङ) सांस्कृतिक कृयाकलापमा समान सहभागिताको अधिकार,

(च) विवाह गर्ने तथा बरबधु छान्ने अधिकार,

(छ) शान्तिपूर्वक भेला हुन तथा सङ्गठन गर्न पाउने अधिकार,

(ज) रोजगारी छनौट गर्न तथा काम गर्न पाउने अधिकार,

(झ) समान काम गरे बापत समान तलब पाउने अधिकार,

(ञ) सार्वजनिक स्थानमा समान पहुँचको अधिकार,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ट) छुवाछूत तथा भेदभाव विरुद्ध शीघ्र न्यायिक उपचार र उचित क्षतिपूर्ति पाउने अधिकार।"

४. **<u>मूल ऐनको दफा ४ मा संशोधनः</u>** मूल ऐनको दफा ४ को,-

(१) उपदफा (९) मा रहेको "व्यक्तिलाई" भन्ने शब्दपछि "खरिद वा प्राप्त गर्नबाट रोक लगाउने वा कुनै खास जात वा जातिको व्यक्तिलाई" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपदफा (१२) को सट्टा देहायको उपदफा (१२) राखिएको छः-

"(१२) कसैले कुनै पनि व्यक्ति वा समुदायलाई श्रव्यदृष्य सामग्री, लेख रचना, चित्र, आकार, कार्टुन, पोष्टर, पुस्तक वा साहित्यको प्रसारण, प्रकाशन वा प्रदर्शन गरेर वा विद्युतीय माध्यमबाट वा अन्य कुनै तरिकाले कुनै व्यक्ति वा समुदायलाई त्यस्तो व्यक्ति वा समुदायको उत्पत्ति, जात वा जातिको आधारमा उच्च वा नीच दर्शाउन, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठहऱ्याउन वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न वा गराउन हुँदैन।"

(३) ठाउँ ठाउँमा रहेका "जात, जाति, वंश, समुदाय वा पेशा वा शारीरिक अवस्था" भन्ने शब्दहरूको सट्टा "उत्पत्ति, जात, जाति,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्था” भन्ने शब्दहरू राखिएका छन्।

(४) ठाउँ ठाउँमा रहेका “जात, जाति, वंश वा समुदाय” भन्ने शब्दहरूको सट्टा “उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय” भन्ने शब्दहरू राखिएका छन्।

**५.** **<u>मूल ऐनको दफा ७ मा संशोधनः</u>** मूल ऐनको दफा ७ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (क) मा रहेका “तीन महिनादेखि तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय” भन्ने शब्दहरूको सट्टा “तीन महिनादेखि तीन वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिबाना” भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (ख) मा रहेका “एक महिनादेखि एक वर्षसम्म कैद वा पाँच सय रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय” भन्ने शब्दहरूको सट्टा “दुई महिनादेखि दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना” भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) दफा ४ बमोजिमको कुनै कसूरमा सजाय पाएको व्यक्तिले पुनः सोही दफा बमोजिमको कसूर गरेमा त्यस्तो व्यक्तिलाई पटकै पिच्छे उपदफा (१) को खण्ड (क) वा (ख) मा उल्लिखित सजायको दोब्बर सजाय हुनेछ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

६.  **<u>मूल ऐनको दफा ९ मा संशोधनः</u>** मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः-

"९.  **<u>क्षतिपूर्तिः</u>** (१) कसैले यस ऐन बमोजिमको कसूर गरेको ठहरेमा अदालतले कसूरदारबाट पीडितलाई दुई लाख रुपैयाँसम्म क्षतिपूर्ति भराइदिनु पर्नेछ।

(२) कसूरदारले पीडितलाई कुनै शारीरिक हानि, नोक्सानी पुऱ्याएको रहेछ भने अदालतले सोको प्रकृतिको आधारमा उपचार खर्च वा थप हानि, नोक्सानी वापत कसूरदारबाट पीडितलाई मनासिब रकम भराउने आदेश दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको रकम कसूरदारबाट तत्काल भराउन नसकिने भएमा त्यस्तो रकम प्रचलित कानून बमोजिम पीडित राहत कोषबाट भराइदिनु पर्नेछ र त्यसरी भराइएको रकम सम्बन्धित कसूरदारबाट असूल उपर गरी सो कोषमा शोधभर्ना गर्नु पर्नेछ।"

७.  **<u>रुपान्तरः</u>** मूल ऐनको ठाउँ ठाउँमा रहेका "जातीय भेदभाव तथा छुवाछूत" भन्ने शब्दहरूको सट्टा "छुवाछूत तथा भेदभाव" भन्ने शब्दहरू राखी रुपान्तर गरिएको छ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय